त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिम्रुतु खारानेटा, रुकुम (पश्चिम)

कर्णाली प्रदेश नेपाल

२०७३

प.स:२०८१/८२
च.न: १५८१

Website:www.trivenimunnrukum.gov.np
Email: tribenigp@gmail.com

मिति - २०८२।०३।०३

श्री जो जस संग सम्बन्ध राख्दछ।

विषय- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

प्रस्तुत बिषयमा रुकुम पश्चिम जिल्ला त्रिवेणी गाउँपालिका अन्तर्गत श्री बालबोध आधारभूत विद्यालय त्रिवेणी -१० भुम्केमा रिक्त रहेको प्राथमिक तह शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाइदिनुहुन भनी विद्यालयको च.नं. ७८ मिति २०८२।०३।०३ गतेको पत्रबाट अनुरोध भई आएको र त्रिवेणी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको च.नं. २३५ मिति २०८२।०३।०३ को पत्रबाट उक्त विद्यालयको रिक्त दरबन्दीमा शिक्षा नियमावली २०५९(संशोधन सहित) को नियम ९१ को बमोजिम खुला सरुवा प्रक्रियाबाट पदपुर्ति गर्दा कुनै फरक नपर्ने भनी राय पेश हुन आएको र हाल उक्त कोठामा पदपूर्तिको लागी शिक्षक सेवा आयोगमा माग गरिएकोले जिल्ला भित्र कार्यरत सम्बन्धित तह र योग्यता पुगेका स्थायी शिक्षकहरुबाट मात्र यो सूचना प्रकाशित भएको मितिले पन्ध्र १५ दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च :-

१.तोकिएको म्याद भित्र विद्यालयमा निवेदन पेश गर्न सकिनेछ। आवश्यक जानकारीका लागी सम्पर्क नं. ९८२२९९५८८८, ९८४२३४८०७७ मा सम्पर्क गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

बोधार्थ :

श्री बालबोध आधारभूत विद्यालय त्रिवेणी -१० भुम्के रुकुम पश्चिम।

श्री शिक्षा विकास तथा समन्वय इकाई रुकुम पश्चिम।

..........................

यज्ञ बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

*"समृद्धत्रिवेणीः सुखी र सम्मानित त्रिवेणीबासी"*